प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं।**

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भू-क्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
- वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : १३७ ।। २०८१ असार १३ गते बिहिबार (27th Jun 2024 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# शून्य लगानीको पशु बीमाबाट किसान लाभान्वित



**विनोद सापकोटा**

झापा। शिवसताक्षी नगरपालिका वडा नम्बर ६ ठगबस्तीकी रामकुमारी राजवंशीलाई आफ्नै गोठमा बाँधेको गाईको बीमा गरेको थाहा थिएन। वडा अध्यक्ष मनोज खुलाल कार्कीलगायतका पशु प्राविधिक र बीमा कम्पनीको प्रतिनिधि उनी घरमा नभएको बेला गत वर्षको असारमा गाईको बीमा गरिदिएका रहेछन्।

'घरमा आएर घाँस हाल्न जाँदा गाईको कानमा .पहेलो ट्याग लगाईएको रहेछ,' उनले भनिन्, 'छिमेकीलाई सोधेँ मेरो गाईको कानमा कसले 'टप' लगाईदियो ?' छिमेकीले उनलाई 'वडा अध्यक्ष लगायतको टोली आएर गाईको बीमा गरिदिनु भयो' भने। रामकुमारीलाई बीमा भनेको के हो थाहै थिएन। उनले केही रेकर्डका लागि चिन्ह लगाएर गएको होला भन्ने ठानिन्।

गएको कात्तिकमा बीमा अर्थात कानमा ट्याग लगाईएको गाई मर्यो। महिनाको ६ हजार कमाई दिने गोठको गाई मरेपछि रामकुमारीको गाउँमा हल्लाखल्ला भयो। गाउँले भेला भए। गाईलाई पुर्न खाडल खनियो। आफ्नो रीतिरिवाज अनुसार मरेको गाईको अन्तिम संस्कार गर्न गाउँले तयार भए।

यतिकैमा स्थानीय पशु प्राविधिक प्रेम पौडेल गाउँमा गाई मरेको हल्ला फैलिएपछि गाई मरेको घरमा पुगे। उनले मरेको गाईको बारेमा चाहेको जानकारी धनीसंग लिए। बीमा कम्पनीले गरेको उक्त गाईको कानको ट्याग उनैले लगाइदिएका थिए। रामकुमारीले भनिन् 'यो त बीमा गरिएको गाई हो। यसको क्षतिपूर्ति अर्थात पैसा पाईन्छ भनेर मलाई प्रेम सरले भन्नुभयो। उहाँले नै वडा अध्यक्षलाई फोनबाट जानकारी दिनुभयो। वडा अध्यक्ष आएपछि मरेको गाईको फोटोलगायत आवश्यक मुचुल्का उठाएर लैजानु भएको थियो।'

'फोटो खिचेर फेसबुकमा हाल्ने यस्तै प्रचार गर्ने होला भन्ने ठानेको थिएँ,' रामकुमारीले भनिन्, 'गएको माघ अन्तिममा ५० हजार घरैमा ल्याईदिनु भयो। पैसा थापेपछि मरेको गाईको पनि पैसा पाईदो रहेछ भन्ने अनि थाहा पाएँ।'

सरकारले दिएको रकमले फेरि गाई किन्ने उनले बताईन्। अब किनेको गाईको बीमा आफैले गर्ने उनले सुनाईन्। वडा अध्यक्ष खुलालका हरेक योजनाले आफूजस्तै विपन्न परिवारलाई छुने गरेको उनले बताइन्। उनले भनिन् ' अरु धरै हल्ला गर्नुहुन्छ। हाम्रो वडा अध्यक्ष बिनाहल्ला काम गर्नुहुन्छ। उहाँको योजना र कार्यक्रमले हामीजस्ता विपन्न परिवारलाई प्रत्यक्ष छोएको छ।'

रामकुमारीले ३ वटा पशु पालेकी छन्। एउटाको वडाले बीमा गरेपनि बाँकी दुई वटा पशुको आफैले बीमा गरेको उनले बताइन्। रामकुमारी त वडाकी प्रतिनिधि पात्र मात्र हुन्। रामकुमारीजस्तै करिव २ सय घर परिवारले वडाबाट शून्य लगानीमा पशु बीमा गरेका छन्। २०७६ सालदेखि वडाले यो कार्यक्रम शुरु गरेको हो। पहिलो वर्ष पशु बीमाका लागि २ लाख र त्यसपछिका दुई वर्ष १ लाख ५० हजारका दरले वडामा यो कार्यक्रम संचालन भइरहेको छ। चालु आर्थिक वर्षमा पनि ७५ हजारको कार्यक्रम वडामा संचालनमा छ।

गत वर्ष वडाले १ करोड ४७ लाख ५८ हजार बराबरको पशु बिमा गरेको थियो। वडा अध्यक्ष मनोज खुलाल कार्कीका अनुसार बीमा गरेका पशुमध्ये ८ वटा गाई मरेका थिए। किसानले ५० हजारसम्म बीमा दावी भुक्तानी पाएका थिए। 'एनएलजी इन्स्योरेन्स' कम्पनी बिर्तामोडका बरिष्ठ विकास अधिकारी लक्ष्मी नेपालका अनुसार गत वर्ष शिवसताक्षी ६ मा २५४ गाईको बीमा गरिएको थियो । तीमध्ये ८ वटा विभिन्न कारणले मरेका र तिनको मृत्यु दावी भुक्तानी किसानले पाएको उनले बताए।

आदिबासी जनजातिको बाहुल्यता रहेको मानव बस्तीमा बीमा कार्यक्रम निक्कै प्रभावकारी बनेको पशु प्राविधिक प्रेम पौडेलले बताए। उनका अनुसार वडाको यो कार्यक्रम नगरमै प्रभावकारी देखिएको छ। यो कार्यक्रम शुरु भएपछि वडाले ५ लाख ७५ हजारको विकास बजेटको व्ययभार व्यहोरेपनि हालसम्म ४८ घर परिवारले यसको प्रत्यक्ष फाइदा लिएका छन्। यस वर्ष मात्र हेमबहादुर थापा, टिकामाया राजवंशी, पिताम्बर दाहाल, मोहनलाल राजवंशी, हेमबहादुर थापा, रामप्रसाद पौडेल , केमलाल राजवंशीले र अनिरुद्र गुरागाँईले बीमाको रकम पाएका छन्।

मरेका पशुको बीमा बराबरको रकम घरैमा ल्याएपछि सो वडामा पशु बीमा कार्यक्रम निकै प्रभावकारी हुन थालेको छ। किसानले आफै पनि पशुको बीमा गर्न थालेका छन्। बुधबार पनि वडाका विभिन्न टोलमा पुगेर वडा अध्यक्ष मनोज खुलाल कार्की र महिला वडा सदस्य गोमा रिजालले विपन्न किसानका गाईको बीमा गरिदिएका छन्। वडाले बीमा गरेपछि किसानले कुनै पनि शुल्क तिर्नु पर्दैन। यो कार्यक्रमबाट वडाका सयौ वडाबासी प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।

# असार मसान्त नामको असुली रोक्न चेतावनी

झापा(प्रस) । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी झापाले असार मसान्तको नाममा बैंक, वित्तीय संस्था र मिटरब्याजी समेतले उद्योगी, ब्यवसायी र श्रमजीवि जनतालाई हदैसम्मको दुःख दिन थालेको भन्दै चेतावनीसहितको प्रेस बिज्ञप्ति जारी गरेको छ।

पार्टीका केन्द्रीय सदस्य तथा झापा जिल्ला इन्चार्ज सुमनसिंह सी र पार्टी सचिब संजय सीद्वारा जारी विज्ञप्तिमा देश आर्थिक रुपमा गंभीर संकटमा फसेको, राज्य स्वयमूले पुंजीगत खर्चको भुक्तानी दिन नसकेको, व्यापार घाटा बढेको , उद्योग ब्यवसाय चौपट भएको र यस्तो बेला बैंकहरुले नागरिकहरु बिरुद्ध बाँच्न पाउने हक समेत खोस्नेगरी गरेको हर्कतको बिरोध गरिएको छ। बिज्ञप्तिमा उद्योगी ब्यवसायीहरुलाई दुःख नदिन चेतावनी दिइएको छ।

बिज्ञप्तिको पूर्णपाठ यस्तो छ -

असार मसान्त नामको असुली आंतक बिरुद्ध चेतावनी बिज्ञप्ति

यतिवेला झापामा क्रियाशील उद्योगी , व्यापारी र सर्वसाधारण श्रमिक जनतामाथि बैंक, लघुवित्त संस्था र मिटरव्याजीहरुले असार मसान्त अर्थात क्लोजिङको नाममा चलाएको असुली आतंकप्रति हाम्रो पार्टीको गंभीर ध्यानाकर्षण भएको छ।

यो समय उद्योगी व्यापारीहरुको उद्योगधन्दा कारोवारको अवस्था खस्कदो र संकटपूर्ण रहेको छ। व्यापार घाटाको अवस्था डरलाग्दो बन्दै गइरहेको छ। राज्यले पुँजीगत खर्च तर्फको भुक्तानी समेत समयमा दिन नसक्दा त्यसले बजारलाई झन्

❖ बाँकी अन्तिम पृष्ठमा

**राजवंशी समाज विकास समिति**
**केन्द्रिय कार्यालय, झापा**

**प्रेस विज्ञप्ति**
२०८१/०३/१२

यहि मिति २०८१-०२-१७ गते बिर्तामोड न.पा. वडा नं.-४ मा अवस्थित प्रशंसा बेकरी उद्योगका प्रोप्राइटर रमेशकुमार राजवंशीले राजवंशी समाज विकास समितिलाई दिएको निवेदनप्रति राजवंशी समाज विकास समिति केन्द्रको ध्यानाकर्षण भएको छ। विगत १५ वर्षदेखि प्रशंसा बेकरी उद्योगले बिर्तामोड वडा नं.-४ अन्नपूर्ण रोड सुन्दर टोलमा आफ्नो निजी जमिनसँगै भोगचलनमा रहेको ऐलानी (गाउँ ब्लक) मा उद्योगको संरचना बनाई उद्योग संचालन गर्दै आएकोमा सुन्दर सामुदायिक प्रहरी सेवाकेन्द्रका प्रमुख, सदस्यहरुले संस्थाको जग्गा कि.न. ११६ को विवाद भनी संस्थाको पत्रमा अदालतको आदेशअनुसार भनी मिति २०८०/०१/३० गते प्रशंसा बेकरी उद्योगको संरचना हटाउने भनी संस्थाको प्रमुखहरुको तर्फबाट डोजर ल्याई उद्योगमा उद्योगीको निजी जमिन ऐलानी (गाउँ ब्लक) साथै संस्थाको कित्ता नं. ११६ जग्गामा उद्योगीले बनाएको आर.सि.सि. पक्की संरचनामा उद्योग संचालनमा भईरहेको बेलामा कम्पनीमा डोजर चलाउँदा कर्मचारी र उद्योगीले प्रतिकार गर्दा उद्योगी र कर्मचारीलाई हातपात, कुटपिट गरी बिर्तामोड ईलाका प्रहरी कार्यालयमा हिरासतमा राखी उद्योगमा ठूलो क्षति भएको देखियो। उक्त घटना अनाधिकृत रुपमा क्षति गरेको हुनाले अदालतमा क्षतिपूर्ति पाउँ भनी मुद्दा दर्ता भई मुद्दा विचाराधिन अवस्थामा रहेको बेला फेरि पुनः उद्योगमा क्षति गर्न खोज्दा उद्योगीले सम्बन्धित निकायमा लिखित रुपमा जनकारी गराउँदा गराउँदै मिति २०८०/०७/१९ गते पुनः संस्थाका प्रमुखको नेतृत्वमा डोजर ल्याई ऐलानीमा (गाउँ ब्लक) मा बनेको सम्पूर्ण उद्योगको संरचना उद्योगीहरु नभएको समयमा ठूला मेसिन, जेनेरेटर, औजारहरु पूर्ण रुपमा क्षति गरी काम नलाग्ने अवस्था बनाएको देखियो। यसरी घटाएको घटनाका कारण ठूलो क्षति भएपछि प्रशंसा बेकरीका दुई प्रोप्राईटरमध्ये श्री श्यामप्रसाद राजवंशीको हृदयाघात भई मिति २०८०/११/१६ गते निधन भएको छ। तसर्थ विपक्षको उक्त कार्य देवानी संहिताको दफा ६८० अन्तर्गत सम्पत्तिमा अनाधिकृत प्रवेश गर्न र अचल सम्पत्तिमा कुनै हानि नोक्सान गर्न नहुने गरेमा सम्पत्तिमाथि दुष्कृति गरेको मानिने कानुनको व्यवस्था रहेकाले त्यस्तो कार्यबाट हुन गएको क्षति वा नोक्सानी बापतको दायित्व देवानी संहिताको दुष्कृति कानुनको दफा अनुसार बिपक्षलाई एकल वा संयुक्त रुपमा तिराउने अभ्यास रहेको छ। यसरी दुष्कृति विचार राखी घटना घटाउने जो कोही दोषीहरुको चल अचल सम्पत्ति सम्बन्धित निकायले तुरुन्त रोक्का गरी पीडित उद्योगीलाई छिटोभन्दा छिटो क्षतिपूर्ति दिलाईयोस् र दोषीहरुलाई कडा भन्दा कडा कार्बाही गरियोस्। बिर्तामोड नगरपालिकाको मध्य भागमा अवस्थित आन्धुवा खोला (अदुवा खोला) को दुवै किनाराको ऐलानी जग्गामा हालसम्म सयौं भवन, घरटहरा निर्माण भई सर्वसाधारणहरुले भोगचलन गरिरहेको अवस्थामा प्रशंसा बेकरीको सञ्चालक राजवंशी भएकै कारण करोडौंको क्षति हुनेगरी गैरकानुनी र जबर्जस्ती तोडफोड गरिनु एउटा जातिप्रति लक्षित हमला भएको हाम्रो ठहर छ। राजवंशी समाज विकास समिति उक्त घटनाप्रति घोर आपत्ति र भर्त्सना गर्दै यसै प्रेस विज्ञप्तिमार्फत सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउँदछौ।

**अभय राजवंशी**
**केन्द्रीय अध्यक्ष**

# पानीको निकास निकाल्ने वडाध्यक्षहरुको प्रतिबद्धता




झापा(प्रस)। विशाल मार्केट र प्रसाई मार्केटमा रहेका व्यवसायीहरुको पसलमा पानी पसेर पुर्याएको क्षतिप्रति बिर्तामोड उद्योग वाणिज्य संघले दुःख ब्यक्त गर्दै त्यसको दीर्घकालीन निकासका लागि पहल थालेको छ। जसका लागि बिर्तामोड उद्योग वाणिज्य संघले व्यवसायी र घरधनीबीच संयुक्त बैठक राखेर समस्याको निकास निकाल्न पहल थालेको हो। संयुक्त बैठकमा बिर्तामोड नगरपालिका वडा नम्बर ४ र ५ का वडाध्यक्षहरु समेत सहभागी थिए।

बिर्तामोड वडा नम्वर ५ का वडाध्यक्ष रोहित प्रसाईको प्रमुख आतिथ्यमा भएको बैठकमा पानीले निकास नपाउँदा पसलमा पानी पसेर क्षति पुर्याएको निष्कर्ष निकालिएको थियो। ड्रेन जाम भएकाले पानीको निकास नहुँदा पसलहरुमा पानी पसेर क्षति पुर्याएको भन्दै व्यवसायीले आवाज उठाएपछि बिर्तामोड नगरपाालिकाको सहयाेगमा ड्रेन सफा गरिने प्रतिबद्धता जनप्रतिनिधिले जनाएका छन्। वडा नम्वर ४ का वडाध्यक्ष राहुल शर्मा र वडा नम्वर ५ का वडाध्यक्ष प्रसाईले नाला सफा गर्दै पानीको निकास निकाल्न बिहीवारबाटै शुरु गरिने बताए।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको बैठकको सहजीकरण महासचिव कुशल खतिवडाले गरेका थिए।

पानीको निकास नहुँदा विशाल मार्केट र प्रसाईं मार्केटमा रहेका पसलमा पानी पसेर क्षति पुर्याएको थियो। पानीले २५ वटा बढी पसलमा राखिएका सामग्री भिजाएर नष्ट गरेको हो। जसका कारण व्यवसायीले लाखौं रुपैयाँको क्षति व्यहोर्नु परेको बाणिज्य संघको निष्कर्ष छ।

पसलमा पानी पसेपछि हरेक व्यवसायीहरुले ५० हजारदेखि माथिको क्षति व्यहोर्नु परेको बताएका छन्

# फुलवासा खोलामा डुबेर बालकको मृत्यु

झापा(प्रस)। झापाको मेचीनगर स्थित फुलवासा खोलामा डुबेर एक बालकको मृत्यु भएको छ। मंगलवार साँझ अन्दाजी ७.३० बजेको समयमा मेचीनगर नगरपालिका वडा न.-१४ नमुना टोल बस्ने बामरा सन्थालका २० महिनाका छोरा रिहान सन्थालको फुलवासा खोलामा डुबेर मृत्यु भएको हो। खेल्ने क्रममा घरदेखि अन्दाजी ३०० मिटर पूर्वमा रहेको फुलवासा खोलामा ती बालक डुबेका थिए।

कानुनी प्रकृया पुरा गरी बालकको शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाईएको र सो सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त

Chemical free, no side effects
100% Natural
Price
Rs. 1500/-
Rs. 1050/-

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Free Home Delivery



Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# लागूऔषधबिरुद्ध सप्ताहव्यापी कार्यक्रम समापन

झापा(प्रस) । लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसारबिरुद्ध सप्ताहव्यापी कार्यक्रम झापामा समापन भएको छ । जिल्लामा एक साताभरि विभिन्न कार्यक्रम गरी बुधवार समापन गरिएको हो । समापनका अवसरमा समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत जिल्ला प्रहरी कार्यालय झापा, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा तथा इलाका प्रहरी कार्यालय अनारमनीको संयुक्त आयोजनामा बिर्तामोडमा कार्यक्रम गरिएको थियो । प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाको प्रमुख आतिथ्यमा जिल्ला सुरक्षा समितिका पदाधिकारी, विभिन्न सरोकारवाला निकाय, विद्यार्थी , सामाजिक संघ संस्थाका प्रतिनिधि , संचारकर्मीसमेत गरी अन्दाजी ५ सय जनाको उपस्थिति रहेको थियो ।

त्यस्तै समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसारबिरुद्ध जनचेतनामुलक प्रशिक्षण सुरुङ्गामा सम्पन्न भएको छ । सुरुङ्गा जेसीजको आयोजनामा जेसीजको सभाहलमा लागूऔषध दुरुपयोग तथा अवैध ओसार पसारबिरुद्ध जनचेतनामुलक प्रशिक्षण संचालन गरिएको थियो ।



कन्काई नगरपालिकास्थित बिभिन्न विद्यालयका विधार्थीहरु र स्थानीय गरी करिव २ सय जनाको उपस्थिति रहेको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्द, प्रहरी निरीक्षक ढुण्डीराज गिरी र प्रहरी सहायक निरीक्षक ओमराज पौडेलले लागूऔषध दुरुपयोग तथा अवैध ओसार पसारका बिषयमा प्रस्तुतिकरण दिएका थिए । लागूऔषध नियन्त्रण ब्यूरोका अधिकारीहरुका अनुसार झापा जिल्ला लागूपदार्थको दुर्व्यसनी तथा कारोबारीहरुको मुख्य गन्तव्य स्थल बन्दै गएको छ ।

झापामा लागूऔषधका दुर्व्यसनीहरुको संख्या छ हजार पाँच सयभन्दा माथि छ, जुन काठमाडौँपछि दोस्रो बढी भएको लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाका प्रहरी नायब निरीक्षक सोमेस लामिछानेले बताए । उनका अनुसार झापा जिल्ला भारतसँग १४४.२ किलोमिटर खुला सीमाना भएका कारण पनि लागूऔषधको कारोबारको ग्राफ बर्सेनि बढ्दो क्रममा छ ।खुला सीमाको फाइदा उठाउँदै झापाका विभिन्न ठाउँबाट नेपाल भित्र्याइँदै गरेका लागूपदार्थसहित मानिस पक्राउ पर्ने क्रम दिनहुँ जस्तो छ । जिल्ला प्रहरी कार्यालयले उपलब्ध गराएको विवरणमा लागूपदार्थ सेवनकर्ता तथा कारोबारी प्रायः दिनहुँ पक्राउ पर्ने गरेका छन् । प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दका अनुसार चालु आर्थिक वर्षको ११ महिनामा चार सय नौजना लागूपदार्थको सेवन तथा कारोबार गर्दै गर्दाको अवस्थामा पक्राउ परेका छन् । उनीहरुको साथबाट २.०८५ किलोग्राम खैरो हिरोइन र २८.६ किलोग्राम गाँजा बरामद गरिएको प्रनाउ चन्दले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार गत आवमा तीन सय ३६ जना लागूपदार्थको सेवनकर्ता तथा कारोबारी पक्राउ परेका थिए । जुन संख्या चालु आवको ११ महिनासम्म पुग्दा २१.७२ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, उनीहरुसँग पक्राउ परेको गाँजा तथा खैरो हिरोइनको परिमाण पनि गत आवको भन्दा दोब्बर भएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा अधिकांश १६ देखि २५ वर्ष उमेर समूहका रहेको प्रहरीले जनाएको छ । लागूऔषध सेवन तथा ओसारपसार गर्ने मानिसहरुबारे नियाल्ने हो भने झापा बाहेकका जिल्लाका व्यक्तिहरु समेत सक्रिय रहेको प्रनाउ चन्दले बताए । झापा जिल्ला लागूऔषध कारोबारका लागि ट्रान्जिट बन्दै गएको अवस्था रहेको उनको भनाइ छ ।

# बाह्रदशी उद्योग वाणिज्य संघमा पुनः कार्की



झापा(प्रस) । बाह्रदशी उद्योग वाणिज्य संघको अध्यक्षमा पुन : खगेन्द्रवहादुर कार्की चयन भएका छन् । संघको दोस्रो अधिवेशनबाट कार्की पुनः अध्यक्षमा चयन भएका हुन् ।बाह्रदशी गाउँपालिकामा रहेका व्यवसायीहरुले २०७२ सालमा कार्कीको अध्यक्षतामा उद्योग वाणिज्य संघ स्थापना गरेका थिए । संस्थापक अध्यक्षसमेत रहेका कार्की दोस्रो कार्यकालका लागि पुनः अध्यक्षमा सर्वसम्मत चयन भएका हुन् ।समितिको उपाध्यक्षमा रेणुका भुर्तेल, सचिवमा जयनारायण आचार्य र कोषाध्यक्षमा कृष्ण थापा चयन भएका छन् । त्यस्तै सदस्यमा पदम गिरी, लोकनाथ संग्रौला, जयबहादुर बुढाथोकी, सुशीला राजवंशी, धर्म उप्रेती, दुर्गा राउत, गायत्री कुमारी साह, डम्बर राज थापा र टंकबहादुर रसाइली रहेका छन् ।

कार्यक्रममा प्रमुख अतिथिसमेत रहेका बाह्रदशी गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लगाई, उपाध्यक्ष शान्तादेवी शिवाकोटी खरेल, बाह्रदशी गाउँपालिका वडा नम्वर ३ का वडाध्यक्ष टंक साह,नेकपा एमाले बाह्रदशीका अध्यक्ष अनिल सापकोटा, राजगढ सामुदायिक अध्ययन केन्द्रका अध्यक्ष रामप्रसाद दुलाल, सामाजिक व्यक्ति प्रेम घिमिरेलगायतले शुभकामना मन्तव्य राखेका थिए । घनेन्द्र ढकालको संयोजकत्वमा गठित निर्वाचन समितिले पदाधिकारीको नाम घोषणा गरेको थियो । निर्वाचन समितिमा सिताराम बराल, डम्बरराज थापा रहेका थिए । बाह्रदशी उद्योग वाणिज्य संघमा २४० व्यवसायी आवद्ध छन् ।

# एसईईको नतिजा आज सार्वजनिक हुने




झापा । परीक्षा नियन्त्रण कार्यालय सानोठिमीले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा आज बिहीबार सार्वजनिक गर्ने निर्णय गरेको छ । परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा एसईईको नतिजा सार्वजनिक गर्न बुधबार बसेको राष्ट्रिय परीक्षा बोर्डको बैठकले बिहीबार नतिजा सार्वजनिक गर्ने निर्णय गरेको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए । परीक्षा नियन्त्रक पौडेलले भने, ' नतिजा बुधवार सार्वजनिक गर्ने तयारी रहेको र बैठक बसेर नमुना अभ्यास पनि गरियो, केही प्राविधिक काम बाँकी भएकाले बिहीवार बिहान पुनः बैठक बसेर नतिजा सार्वजनिक गर्ने छौँ ।' असार १५ गतेभित्र नतिजा सार्वजनिक गर्ने बोर्डको तालिका रहेको थियो ।

बोर्डले गत वर्ष असार २४ मा एसईईको नतिजा सार्वजनिक गरेको थियो । परीक्षा नियन्त्रक पौडेलले यस वर्ष लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक बताए । यस वर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ अंकको परीक्षामा ३५ प्रतिशतअर्थात् २६ दशमलव २५ अंक अनिवार्य ल्याउनै पर्ने अन्यथा फेल भएसरह मानिने गरी 'एनजी' उल्लेख गरिएको ग्रेड सिट आउने उनले जानकारी दिए ।

आन्तरिकतर्फ २५ पूर्णांकको परीक्षामा ४० प्रतिशत अर्थात् १० अंक ल्याउनुपर्छ । 'एनजी' आउने परीक्षार्थीले ग्रेड वृद्धि परीक्षा नदिई कक्षा ११ मा पढ्न पाउने छैनन् । विद्यार्थीले दुई विषयमा ग्रेड वृद्धि परीक्षा दिन पाउने छन् । दुईभन्दा बढी विषयमा न्यूनतम ३५ प्रतिशत अंक नपाएका र ग्रेड वृद्धि परीक्षा दिँदा पनि ३५ प्रतिशत अंक ल्याउन नसकेका परीक्षार्थीले अर्को वर्ष 'एनजी' लागेको विषयमा मात्र परीक्षा दिन पाउनेछन् ।

गत चैत १५ गतेदेखि २७ गतेसम्म सञ्चालित परीक्षामा नियमिततर्फ चार लाख ६७ हजार विद्यार्थीले परीक्षा दिएका छन् । ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थीले परीक्षा दिएका छन् ।

# विपदमा परी १४ जनाको मृत्यु, दुई बेपत्ता



झापा । पछिल्लो २४ घण्टामा विभिन्न जिल्लामा ४४ वटा विपद् जन्य घटना भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ती घटनामा हालसम्म १४ जनाको मृत्यु पुष्टि भएको छ भने दुई जना बेपत्ता छन् ।

प्राधिकरणका प्रवक्ता उपसचिव डिजन भट्टराईले ती घटनामा १० जना घाइते भएका र सबै क्षेत्रमा गरेर १९ लाखभन्दा बढी आर्थिक क्षति भएको जानकारी दिए । उनले विभिन्न क्षेत्रका १० ठाउँमा सडक अवरुद्ध भएको र १४ वटा पशु चौपायाको क्षति भएको जानकारी दिए । प्राधिकरणबाट बुधबार साँझ प्राप्त विवरणअनुसार पहिरोबाट आठ जनाको मृत्यु भएको छ । पाँच जना घाइते भएका छन् । चट्याङबाट पाँच जनाको मृत्यु र तीन जना घाइते भएका छन् । बाढीबाट एक जनाको मृत्यु र दुई जना बेपत्ता भएका छन् । एक घाइते छन् ।

डा. भट्टराईले ओखलढुंगाको चिसङ्खुगढी गाउँपालिका सेर्नाथुम्कीमा गएको पहिरोमा परी घाइते भएका दुई जनाको हेलिकप्टरबाट उद्धार गरी काठमाडौँ ल्याइएको बताए । प्राधिकरणका अनुसार विपद्ले आज ओखलढुंगा, संखुवासभा, सुनसरी, उदयपुर, इलाम, धनकुटा, लमजुङ, कास्की, मोरङ, झापा, रोल्पा, दैलेख र बागलुङ बढी प्रभावित भएको छ ।

# कचनकवलमा सर्पले डसेर बालिकाको मृत्यु

झापा(प्रस) ।झापाको कचनकवल ३ गंगाबस्तीमा विषालु सर्पले टोकेर एक बालिकाको मृत्यु भएको छ ।



मंगलवार साँझ ५:३० बजेको समयमा कचनकवल गाउँपलिका वडा नं.३ गंगाबस्ती बस्ने हरिप्रसाद राजवंशीकी १२ वर्षीया मनिषा राजवंशीलाई आफ्नै भण्डार कोठाभित्र टेबल निकाल्ने क्रममा कालो गोमन सर्पले टोकेको थियो । बालिकालाई बनियानी सर्पदंश उपचार केन्द्रमा प्राथमिक उपचार गरी थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड लैजाने क्रममा बाटैमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

स्वर्णिम शिक्षा सदनको कक्षा ६ मा अध्ययनरत ती बालिका परीक्षाको तयारीका लागि टेबल निकालेर पढ्न लागेकी थिइन् । बालिकालाई टोकेको कालो गोमनलाई भण्डार कोठा सफा गरी मारिएको गाउँपालिका उपाध्यक्ष नवराज भट्टराईले बताए ।


## कर्जा चुक्ता गर्न आउने बारेको सूचना

**प्रकाशित मिति २०८१/०३/१३**

यस संस्थाबाट बिभिन्न मिति र समयमा बिभिन्न शिर्षकमा संस्थाका केही सदस्यहरुले कर्जा लिएर भाका नाघ्दा र ताकेता गर्दा समेत कर्जा चुक्ता गर्न आलटाल गरेको हुँदा संस्थाले अन्य कारोबार गर्न समेत कठिनाई परेकोले यो सूचना प्रकाशित भएको मितिले सम्बन्धित कर्जावालाले सात दिन भित्रमा आफूले लिएको कर्जाको सम्पूर्ण हिसाव बुझाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । सूचना प्राप्त भैसकेपछि पनि कर्जा चुक्ता गर्न नआएमा सहकारी ऐन अनुसार कर्जावालाको नाम खराव कर्जाको सूचीमा दर्ता गरी तीन पुस्ते विवरणसहित सम्पति/ बैंक खाता रोक्का गरी कारबाही अगाडी बढाईने साथै यसरी कारबाही गर्दा लाग्ने सम्पूर्ण खर्च समेत कर्जामा जोडेर असुल गरिने समितिको निर्णय भएको ब्यहोरा सूचित गरिन्छ।

**प्रकाशचन्द्र बराल**
अध्यक्ष

**देउराली बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-१ झापा


**लिट्मस...**

हामी लिट्मस इन्डस्ट्रिजसँग नजिकबाट सहकार्य गर्न र उहाँहरूको सफलतामा योगदान पुर्‍याउन पाउँदा अत्यन्त उत्साहित छौं, " अवसर इक्विटी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत र अवसर इक्विटी डाइभर्सिफाइड फण्डका लागि कोष प्रबन्धक ध्रुव तिमिल्सिनाले आफ्नो धारणा व्यक्त गरे ।

लिट्मस इन्डष्ट्रिजको बारेमा

लिट्मस इन्डस्ट्रिज लिमिटेड नेपालको अग्रणी तार, केबल तथा कन्डक्टर उत्पादक कम्पनी हो । नेपाली तार, केबल तथा कन्डक्टर उत्पादकहरूमध्ये लिट्मस इन्डस्ट्रिज पहिलो र एक मात्र पब्लिक कम्पनी हो । सन् २०१४ देखि रमेश कर्पोरेसनको छातामुनि रहेको लिट्मसले देशको विद्युतीकरण र औद्योगिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । नेपाल सरकारद्वारा जलविद्युत विकासका लागि राखेको दूरदृष्टि र कोरेका योजना र प्राथमिकताहरूसँग एकाकार हुँदै लिट्मस इन्डस्ट्रिजले जलविद्युत प्रसारण र वितरणका लागि चाहिने अन्तर्राष्ट्रिय गुणस्तरका केबल तथा कन्डक्टर उत्पादन र आपूर्ति गर्दै जलविद्युत संरचना विकास र विस्तारमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ ।

अवसर इक्विटी डाइभर्सिफाइड फण्ड बारेमा

अवसर इक्विटी डाइभर्सिफाइड फण्ड, नेपाल धितोपत्र बोर्ड (सेबोन) मा दर्ता भएको रु ४.५६ अर्बको क्लोज एन्डेड सेक्टर एग्नोस्टिक निजी इक्विटी फन्ड हो । यो कोषले, नेपालको आर्थिक वृद्धि र विकासलाई अघि बढाउने नयाँ र प्रभावकारी परियोजनाहरूलाई समर्थन गर्दै, उच्च सम्भावना भएका कम्पनीहरूसँग साझेदारी गरी विभिन्न क्षेत्र र कम्पनीहरूमा लगानी गर्दछ ।

# कृषक तथा व्यवसायीलाई सामग्री वितरण



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाले कृषक तथा व्यवसायीहरुलाई विभिन्न प्रकारका सामग्री वितरण गरेको छ । नगरपालिकामा बुधवार आयोजित कार्यक्रममा दुग्ध डेरी उद्योगका लागि आवश्यक चिलिङ्ग भ्याटसहित, मिल्क क्यान, काउमेट, बाख्रा तथा बंगुरका दाना पिसाउने मेशिन वितरण गरिएको हो ।

चिलिङ्ग भ्याट २ वटा, मिल्क क्यान ८ वटा, दाना पिसाउने मेशिन ५ वटा र काउमेट २२ जनालाई १ देखि ४ थानका दरले ११ लाख ६८ हजार ५ सय रुपैयाँ बराबरको सामग्री वितरण गरिएको हो । उल्लेखित सामग्रीमा कृषक तथा व्यवसायीहरुको ५० प्रतिशत लागत साझेदारी रहेको पशुपंछी तथा मत्स्य विकास शाखा प्रमुख सावित्रा दाहालले जानकारी दिइन् ।

उक्त सामग्री नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडा, शिक्षा शाखा प्रमुख तिलचन भण्डारी, कार्यपालिका सदस्य संगिता सिवा, सिता विश्वकर्माले प्रदान गरेका थिए । कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले नगरले प्रदान गरेको सामग्रीको सहि सदुपयोग गर्न आग्रह गरिन् । कृषि क्षेत्रमा नगरपालिकाले हरेक वर्ष विभिन्न प्रकारका सहयोग गर्दै आएको बताउँदै उनले उत्पादनमा जोड दिएकी छन् ।

# असार...

ठुलो संकटमा फसाइरहेको छ । यतिवेला आम सर्वसाधारण, मध्यम स्तरका व्यापारी, उद्योगी, निर्माण व्यवसायी कम्पनीहरु समेत यो आर्थिक तरलताको मारमा पिल्सनु परेको छ । यस्तो गंभीर अवस्थामा नेपाल सरकारले आम सर्वसाधारण जनता, मध्यम वर्गीय व्यवसायी, उद्योगीहरुको बाँच्न पाउने अधिकारको विषयमा कुनै चासो नदिएको र नीतिगत निकास नदिइ दोहोरो चरित्र देखाइरहेको हुँदा वित्तीय संस्था बैंक तथा मिटरव्याजीहरुले धमिलो पानीमा माछा मार्ने धन्दा संचालन गर्ने स्थिति बनेको छ ।

बैंक तथा वित्तीय संस्थाहरु व्यवसायी तथा उद्योगीहरुको नाममा सार्वजनिक सूचना प्रकाशन गर्ने, लोन रिकभरि नामक गुण्डाहरुको टिम बनाएर फोनमार्फत र घरघर गएर धम्काउने, थर्काउने, गाली वैइज्जत गर्ने, आक्रमण गर्ने जस्ता विभिन्न दवावहरु पैदा गर्ने कार्य गरिरहेका छन्। यो आतंकपूर्ण कार्य अझ धेरै यतिवेला असार मसान्तको वहानामा भैरहेको छ ।

देशको आर्थिक क्षेत्रमा उत्पन्न भएको यस्तो संकटपूर्ण अवस्थामा उद्योगी व्यवसायीहरुको बाँच्न पाउने हक समेत खोस्ने गरि उद्योगी व्यवसायी हरुको सामाजीक अस्तित्वमा आँच पुर्याउने र मर्न वा पलायन हुन बाध्य पार्ने कार्यहरु बढिरहेका छन् ।

हामी उद्योगी व्यवसायीहरुको सुरक्षा र हितमा गंभीरतापूर्वक सोच्न राज्य समक्ष जोडदार माग गर्दछौं । साथै असार मसान्तको नाममा असुली आंतक संचालन गरेर होइन कि बरु के गर्यो भने उद्योगी व्यवसायीलाई सहज हुन्छ र ऋण उठ्न सक्छ भन्ने कुरामा बैंक तथा वित्तीय संस्थाले संयमित भएर गंभीरतापूर्वक लाग्न अनुरोध गर्दछौ ।


## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# घुम्ती शिविर चलाऊ

**सामाजिक सुरक्षा भत्ता पाइरहेका ज्येष्ठ नागरिकलाई सरकारले**

**राष्ट्रिय परिचयपत्र बनाउन अनिवार्य गरेको छ । आगामी आर्थिक वर्षबाट वृद्धभत्ता पाउन परिचयपत्र अनिवार्य रहेको भन्दै एक महिनाभित्र बनाउनै पर्ने उर्दी जारी भयो। झट्ट हेर्दा सरकारको यो निर्णय उत्कृष्ट छ, किनभने राष्ट्रिय परिचयपत्र सबैले बनाएर सरकारको अभियानलाई सघाउनु पर्छ। तर भित्री पाटो निकै दर्दनाक छ। हामीकहाँ कुनै पनि निर्णय गर्नुअघि त्यसको कार्यान्वयन पक्ष कति जटिल छ भन्ने पूर्वअध्ययन हुँदैनन्। वृद्धभत्ताप्रति आशक्ति रहेका बूढाबूढीहरू जसरी पनि परिचयपत्र बनाउन पुग्छन् भन्ने चिन्तनबाट यो निर्णय भएको हुनुपर्छ।**

**राष्ट्रिय परिचयपत्र बनाउनका लागि कति कठिन छ भन्ने हेक्का सरकारले राख्न सकेन। जिल्ला र इलाका प्रशासनबाट मात्रै परिचयपत्रको फोटो खिचिन्छ। जसका लागि जुन जिल्लाबाट नागरिकता जारी भएको हो, त्यही जिल्ला पुग्नुपर्छ। आफ्नै जिल्ला पुगेर पनि समयमै पालो आउँदैन। पालो आइहाले पनि सर्भर जोडिएन भन्दै कर्मचारी कामै छाडेर कार्यालयबाट निस्किन्छन्। एउटा तन्नेरीलाई समेत अहिले परिचयपत्र बनाउन निकै कठिन छ। कम्प्युटर प्रविधिमा सबै पोख्त छैनन्।**

**त्यो अर्को चुनौती हो। ज्येष्ठ नागरिकलाई वृद्धभत्ताको संवेदनतामाथि लादेर सरकारले बाध्यकारी निर्णय लिनुअघि कम्तीमा पालिकाबाटै परिचयपत्र बनाउनु सुविस्ता हुनुपर्ने थियो। तर सरकारले त्यसो नगरी शताब्दी वर्षको छेउछाउ पुगेका बुवाआमालाई निकै कष्ट दिइरहेको छ।**
**सरकारले परिचयपत्र बनाउँदा पाइने सास्ती बुझेर निर्णय लिएको भए कैलालीको चुरे गाउँपालिकाका ८४ वर्षीय धनबहादुर महत सदरमुकामको प्रशासन कार्यालयको पेटीमा घोप्टिएर बिलौना गर्नुपर्ने थिएन। महतजस्ता देशभरका ज्येष्ठ नागरिकले अहिले प्रशासन कार्यालयको पेटीमा सुतेर पालो कुरिरहनु परेको छ। यो दृश्य निकै हृदयविदारक थियो। चर्को घाम, दिनभरको लाइनपछि पनि उनीहरूको पालो आउँदैछ। बरु कर्मचारीले तीन, चार दिनपछि आउनुस् भन्दै फर्काउँछन्।**

**सरकारको यो निर्णयले निकै सास्ती दिएको छ। ज्येष्ठ नागरिकलाई सास्ती हैन, सुविस्ता दिने काम सरकारको हो। घरघरमा सिंहदरबारको नारा लगाएर संघीयताको बाजा पिट्ने राजनीतिक दल नेतृत्वका सरकारबाट हुने यस्ता कार्यबाट नागरिक खुसी छैनन्। वृद्धवृद्धालाई परिचयपत्र अनिवार्य गर्नुअघि सरकारले स्थानीय तहमा वडा कार्यालयमा घुम्ती शिविर चलाउनु पर्थ्यो। अझै पनि समय छ, ज्येष्ठ नागरिकको सुविस्ताका लागि सकेसम्म वडा र त्यति पनि गर्न नसके पालिकाको मुकाम कार्यालयबाट परिचयपत्र बनाउने व्यवस्था हुनुपर्छ।**




# निजामतीमा अपाङ्गता भएका व्यक्ति



• गजेन्द्र बुढाथोकी



राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार २.२ प्रतिशत नेपालीमा कुनै न कुनै किसिमको अपाङ्गता भएको देखिन्छ । अपाङ्गता भएका व्यक्तिको साक्षरता दर ५०.१ प्रतिशत छ । अर्थात् आधा जनसंख्या मात्र साक्षर अवस्थामा छन् । साक्षर जनसंख्यामध्ये पूर्वप्राथमिक तह उत्तीर्ण गर्ने जनसंख्या ३.६ प्रतिशत छन् । प्राथमिक तह उत्तीर्ण गर्ने जनसंख्या ३४.३ प्रतिशत छन् । निम्न माध्यमिक तह उत्तीर्ण गर्ने जनसंख्या १९.५ प्रतिशत छन् । माध्यमिक तह उत्तीर्ण गर्ने जनसंख्या १४.४ प्रतिशत छन् । एसएलसी वा सोसरह उत्तीर्ण गर्ने जनसङ्ख्या ८.२ प्रतिशत छन् । प्रमाणपत्र तह उत्तीर्ण गर्ने जनसंख्या नौ प्रतिशत छन् । स्नातक वा सोसरह उत्तीर्ण गर्ने जनसंख्या ३.२ प्रतिशत छन् । स्नातकोत्तर वा सोसरह उत्तीर्ण गर्ने जनसंख्या १.५ प्रतिशत र तह नखुलेको जनसंख्या ४.४ प्रतिशत छन् । यसरी हेर्दा अपाङ्गता भएका व्यक्तिको उच्च शिक्षा प्राप्तिको स्थिति निकै कमजोर देखिन्छ ।
यसलाई अझ विस्तृत रूपमा हेरौँ । अपाङ्गता भएका साक्षर व्यक्तिमध्ये अपाङ्गताका सबै प्रकारमा सबैभन्दा धैरै क्रमशः प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तह उत्तीर्ण गरेका देखिन्छ । शारीरिक अपाङ्गता भएकामध्ये २३.९ प्रतिशत, न्यून दृष्टियुक्त भएकामध्ये २५.७ प्रतिशत, पूर्ण दृष्टिविहीन भएकामध्ये २३ प्रतिशत, बहिरा भएकामध्ये १६.२ प्रतिशत, सुस्तश्रवण भएकामध्ये १६.६ प्रतिशत, श्रवण दृष्टिविहीन भएकामध्ये १९.४ प्रतिशत, स्वर र बोलाइ भएकामध्ये १३.७ प्रतिशत, मानसिक वा मनोसामाजिक अपाङ्गता भएकामध्ये १७.६ प्रतिशत, बौद्धिक अपाङ्गता भएकामध्ये ०.९ प्रतिशत, अनुवंशिक रक्तश्राव (हेमोफेलिया) भएकामध्ये २७.७ प्रतिशत, अटिजम् भएकामध्ये ०.५ प्रतिशत र बहुअपाङ्गता भएकामध्ये २२ प्रतिशतले एसएलसी वा सोभन्दा माथिल्लो तह उत्तीर्ण गरेका छन् ।

शारीरिक अपाङ्गता भएकामध्ये ८.७ प्रतिशतले एसएलसी वा सोसरह, १०.३ प्रतिशतले प्रमाणपत्र वा सोसरह, ३.३ प्रतिशतले स्नातक वा सोसरह, १.६ प्रतिशतले स्नातकोत्तर वा सोसरह अध्ययन गरेका छन् ।

**रोजगारीको स्थिति**

राष्ट्रिय जनगणना २०७८ को अपाङ्गतासम्बन्धी प्रतिवेदन अनुसार नेपालमा १० वर्ष वा सोभन्दा माथिका आर्थिक रूपले सक्रिय जनसंख्यामध्ये ७०.३५ प्रतिशत आर्थिक रूपले अक्सर सक्रिय र २९.६५ प्रतिशत आर्थिक रूपले अक्सर निष्क्रिय रहेकोमा आर्थिक रूपले सक्रिय रहेका १० वर्ष वा सोभन्दा माथिका ३,१७,७६२ जना अपाङ्गता भएका व्यक्तिमध्ये ५९.८ प्रतिशत आर्थिक रूपले अक्सर सक्रिय र ४०.२ प्रतिशत आर्थिक रूपले अक्सर निष्क्रिय देखिन्छन् । प्रदेशगत रूपमा हेर्दा अपाङ्गता भएका व्यक्तिमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ६१.५ प्रतिशत आर्थिक रूपले अक्सर सक्रिय देखिन्छन् भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ५५.९ प्रतिशत व्यक्ति आर्थिक रूपले अक्सर सक्रिय रहेका देखिन्छन् ।
आर्थिक रूपले अक्सर सक्रिय जनसंख्यालाई अक्सर रोजगार र अक्सर बेरोजगार गरी दुई समूहमा विभाजन गरिएको छ । सन्दर्भ अवधिमा काम गरेको समय काम नगरेको समयभन्दा बढी भएमा अक्सर रोजगार र काम गरेको समय काम नगरेको भन्दा कम भएमा अक्सर बेरोजगार मानिने राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ । आर्थिक रूपले नेपालमा १० वर्ष वा सोभन्दा माथिका अक्सर आर्थिक रूपले सक्रिय व्यक्तिमध्ये ९३.५ प्रतिशत अक्सर रोजगार र ६.९ प्रतिशत अक्सर बेरोजगार रहेको जनगणनाको विवरणले देखाएकोमा १० वर्षभन्दा माथिका अपाङ्गता भएका व्यक्तिमध्ये ९१.८ प्रतिशत अक्सर रोजगार र ८.२ प्रतिशत अक्सर बेरोजगार रहेको देखिन्छ ।
आर्थिक कामको क्षेत्रलाई नेपाल औद्योगिक क्षेत्र वर्गीकरण अनुसार २१ वटा औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने गरिएको छ । दस वर्ष वा सोभन्दा बढी उमेरका अपाङ्गता भएका आर्थिक काममा संलग्न व्यक्तिमध्ये सबैभन्दा धैरै कृषि, वन र माछापालन क्षेत्रमा ६१.५ प्रतिशत रहेका छन् । यसपछि क्रमशः थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यमा १२.९ प्रतिशत, निर्माणमा ८.७ प्रतिशत अन्य सेवा प्रदान गर्ने क्रियाकलापमा ४.१ प्रतिशत, औद्योगिक उत्पादनमा ३.१ प्रतिशत, शिक्षामा दुई प्रतिशत जनसंख्या संलग्न रहेको जनगणनाको विवरणले देखाउँछ ।
यदि माथिको तथ्याङ्क मात्र हेर्ने हो भने अपाङ्गता भएका व्यक्तिले त पूरै काम पो पाइरहेका छन् कि भन्ने देखिए पनि अधिकांश बेरोजगारीको अवस्थामा छन् वा आफ्नै काममा संलग्न छन् । कुल अपाङ्गता भएका व्यक्तिमध्ये ४० प्रतिशतभन्दा बढी आफ्नै काममा संलग्न देखिन्छन् । अपाङ्गताको प्रकार र आर्थिक काममा संलग्नता अनुसार विश्लेषण गर्दा आफ्नै काम गर्ने सबैभन्दा बढी सुस्तश्रवण भएका ६३.३ प्रतिशत रहेका छन् भने सबैभन्दा कम बौद्धिक अपाङ्गता भएका व्यक्ति ४२.३ प्रतिशत छन् । अरूको काम गर्नेमा सबैभन्दा बढी श्रवण दृष्टिविहीन २७.५ प्रतिशत रहेका छन् भने सबैभन्दा कम बौद्धिक अपाङ्गता भएका व्यक्ति १७ प्रतिशत छन् ।
यसैगरी परिवारमा सघाउने मात्र सबैभन्दा बढी बौद्धिक अपाङ्गता भएका व्यक्ति ३९.९ प्रतिशत छन् भने सबैभन्दा कम हेमोफेलिया १४.२ प्रतिशत छन् । रोजगारदातामा सबैभन्दा बढी प्रतिशत श्रवण दृष्टिविहीन ६.९ प्रतिशत र सबैभन्दा कम बौद्धिक अपाङ्गता भएका व्यक्ति ०.३ प्रतिशत छन् । यी तथ्याङ्क हेरिसकेपछि अपाङ्गता भएका व्यक्तिले कहाँ के कस्ता क्षेत्रमा रोजगारी पाएका छन् भन्ने पनि हेरौँ । सबैभन्दा धेरै घरायसी क्षेत्रमा ६२.९ प्रतिशत अपाङ्गता भएका व्यक्तिले रोजगारी पाएको देखिन्छ । त्यसपछि गैरवित्तीय संस्थामा ३३.५ प्रतिशतले सरकारी क्षेत्रमा २.३ प्रतिशतले र नाफा नकमाउने क्षेत्रमा ०.७ प्रतिशतले रोजगारी पाइरहेको जनगणनाको तथ्याङ्कले देखाउँछ ।

**सरकारी सेवामा कति ?**

नेपालको सरकारी सेवामा कति अपाङ्गता भएका कर्मचारी कार्यरत छन् भन्ने विषयमा फरक फरक निकायका फरक फरक तथ्याङ्क छन् । यद्यपि जनगणना २०७८ को विवरण मान्ने हो भने हाल सरकारी सेवामा ७,०७९ जना अपाङ्गता भएका कर्मचारी कार्यरत छन् । यसमा शिक्षक, प्रहरी र सेना पनि समावेश छन् । सरकारी सेवामा कार्यरत अपाङ्गता भएका कर्मचारीमध्ये ५७ प्रतिशत शारीरिक अपाङ्गता भएका, २१ प्रतिशत न्यून दृष्टियुक्त, सात प्रतिशत पूर्ण दृष्टिविहीन, पाँच प्रतिशत बहिरा, पाँच प्रतिशत सुस्त श्रवण, दुई प्रतिशत सुनाइ तथा बोलाइजन्य अपाङ्गता, एक/एक प्रतिशत मानसिक तथा मनोसामाजिक र हेमोफेलिया छन् ।

२०६५ सालमा समावेशीको सिद्धान्तसँगै निजामती प्रशासन सेवामा अपाङ्गता भएका व्यक्तिलाई पनि कोटा छुट्याइ सरकारी सेवामा प्रवेशका लागि ढोका खुला गरियो । यस अनुसार कुल विज्ञापन गरिएका दरबन्दीलाई शतप्रतिशत मानी त्यसको ४५ प्रतिशत महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएको क्षेत्रलाई विभिन्न अनुपातमा कोटा प्रबन्ध गरिएको छ । यस अनुसार अपाङ्गता भएका व्यक्तिका लागि पाँच प्रतिशत कोटा छुट्याइएको छ । यसको अर्थ अपाङ्गता भएका व्यक्तिले पाँच प्रतिशतकै हाराहारीमा रोजगारी पाउने होइनन् । यो भनेको कुल रोजगारीमा २.२५ प्रतिशत मात्रको आरक्षण हो ।

यसलाई लोक सेवा आयोगको विवरणले पनि पुष्टि गर्छ । आव २०६४/६५ देखि आव २०७९/८० सम्म समावेशी समूहबाट कुल २४,१५२ पदको पदपूर्ति भएकोमा अपाङ्गता भएका कर्मचारीको संख्या १,११२ जना थियो । यो निर्धारित पाँच प्रतिशत कोटाभन्दा पनि कम अर्थात् ४.४२ प्रतिशत मात्र हो । आव २०७३/७४ देखि आव २०७९/८० को ७ वर्षको अवधिमा खुलातर्फबाट ३२८ जना अपाङ्गता भएका व्यक्तिले नियुक्ति सिफारिस पाएका छन् । अघिल्लो समयमा करिब पाँच सय जना जतिले खुलातर्फबाट नियुक्ति सिफारिस पाएको मान्ने हो र सेवा अवधिमा दुर्घटना, बिमारी वा अन्य कारणले अपाङ्गता बेहोरेका अथवा समावेशी भर्ना प्रणाली आउनुपूर्व नै निजामती सेवाका करिब सय जना कर्मचारी कार्यरत रहेको अनुमानित आँकडा राख्दा पनि हाल निजामती सेवामा दुई हजारभन्दा बढी अपाङ्गता भएका कर्मचारीको संख्या पुग्दैन । यो कुल निजामती कर्मचारीको २.३८ प्रतिशत मात्र हो ।
निजामती कर्मचारीमा आरक्षणको व्यवस्थापछि अपाङ्गता भएका कर्मचारीको अनुपात बढेको जस्तो देखिए पनि यस्तो सहभागिता सहायक स्तरको कर्मचारीको तहमा मात्र भइरहेको देखिएको छ । उदाहरणका लागि आव २०७९/८० मा अपाङ्गता समूहको क्लस्टर र खुला समूहबाट गरी १२३ जना अपाङ्गता भएका व्यक्तिलाई रोजगारीका लागि सिफारिस गरिएकोमा लगभग ७६ प्रतिशत त सहायक स्तरको पद मात्र थियो । यसका पछाडि दुई कारण छन्, पहिलो त अपाङ्गता भएका व्यक्तिलाई यिनीहरू पनि अधिकृत वा उच्च पदका लागि योग्य छन् है भनेर आरक्षणको क्लस्टर नै नछुट्याउनु, दोस्रो अपाङ्गता भएका व्यक्ति आफैँ पनि उच्च पदका लागि योग्य वा सक्षम नहुनु, जुन कुरा माथिको शैक्षिक अवस्थाको विवरणले नै देखाउँछ । योग्यता र सक्षमता हुँदाहुँदै पनि अपाङ्गता भएका व्यक्तिका लागि हेर्ने दृष्टिकोण सकारात्मक नहुँदा नियुक्ति, सरुवा-बढुवा र वृत्ति विकासमा भेदभाव गर्ने खराब प्रवृत्ति अर्को कारक हो ।

यसको पछिल्लो दृष्टान्त हो, प्रस्तावित निजामती कर्मचारी विधेयकमा अपाङ्गता भएका व्यक्तिको क्लस्टरमा अनुपात घटाउनु । हाल पाँच प्रतिशतको क्लस्टर छुट्याउँदा त रोजगारी प्राप्तिदर कम छ भने तीन प्रतिशतमा झारिएपछि झन् हालत के होला ? यसको सोझो अर्थ अपाङ्गता भएका व्यक्तिको सरकारी सेवा प्रवेशमा पुनः छेकबार लगाउन खोजिएको छ । यो झन् आपत्तिजनक विषय हो । अहिलेको अवस्थामा अपाङ्गता भएका व्यक्तिलाई बढीभन्दा बढी रोजगारी र स्वरोजगारीको अवसर उपलब्ध गराइ आत्मनिर्भरताको बाटोतर्फ उन्मुख गराउनु पर्नेमा उल्टो बाटो हिँड्न खोज्नु स्वाभाविक होइन । आशा गरौँ संघीय संसद्का सांसदहरूको चेत खुल्ने छ ।

# द्वन्द्व व्यवस्थापनको चुरो



• मित्रमणि पोखेल

सङ्गठनमा विभिन्न व्यक्ति तथा समूहबिच विविध कारणले सिर्जना हुने असमझदारी, झगडा, मनोमालिन्य, वादविवाद तथा मनमुटावले द्वन्द्व सिर्जना भई सङ्गठनको कामकारबाहीमा असर परिरहेको हुन्छ । सङ्गठनमा देखा पर्ने द्वन्द्व यसै कारणले हुन्छ भन्ने छैन । कतिपय अवस्थामा सङ्गठनको कार्यशैलीबाट द्वन्द्व तथा मनमुटाव सिर्जना हुन्छ भने कतिपय अवस्थामा अनावश्यक समन्वय तथा बहस पैरवी नगरी एकल निर्णय तथा निर्देशन जारी गर्दा द्वन्द्व सिर्जना हुने गर्छ । सङ्गठनका जिम्मेवार पदाधिकाकरीबिच वैचारिक भिन्नता फितलो कार्यशैली, पदीय दम्भ, बौद्धिक दक्षताको अभाव, कुशल नेतृत्वको कमी, गुटबन्दी, कर्मचारीको पिरमर्का समयमै सम्बोधन गर्न नसक्नु, अदूरदर्शी कार्ययोजना, निष्पक्षाताको अभाव, कर्मचारीप्रति गरिने फरक व्यवहार, कर्मचारीको मानमर्यादा तथा प्रतिष्ठामा ख्याल नगर्नुलगायत कारणबाट द्वन्द्व सिर्जना हुने गर्छ ।

सूचना, सञ्चार तथा जनसम्पर्कमा देखिने समस्या, व्यक्तिगत सोच तथा चालचलनमा फरक, स्रोतसाधनको अभाव, व्यक्तिगत एवं सामूहिक सुविधा प्राप्तिमा संघर्ष, भावनात्मक एकतामा समस्या, वृत्तिविकास तथा उत्प्रेरणाको अभाव, अस्पष्ट कार्य सम्बन्ध, सुशासन तथा समन्यायको अभाव, असमान कार्यक्षेत्र, कार्यस्थलमा हिंसा, असमान व्यवहार, कर्मचारीबिच फुटाउ र शासन गर भन्ने व्यवस्थापनको सोच, समानताको अभाव जस्ता कारणले पनि सङ्गठनमा द्वन्द्व सिर्जना हुन्छ । सामूहिक प्रयत्नबाट सङ्गठन निर्माण हुने भएकाले द्वन्द्वको उत्पत्ति सङ्गठनभित्र एक अपरिहार्य यथार्थ पनि हो । वास्तवमा यो कर्मचारी र व्यवस्थापनबिचको संघर्ष हो । सङ्गठनभित्र कर्मचारीमाझ असमानता तथा विभेद रहेसम्म द्वन्द्व देखा परिरहन्छ ।

द्वन्द्वले सङ्गठनभित्र नकारात्मक प्रवृत्ति, कर्मचारीबिच तनाव, मनमुटाव तथा सामूहिक अविश्वास ल्याउन सक्छ । व्यक्ति व्यक्ति तथा समूह समूहबिचको तनावले सङ्गठनको सेवा प्रवाह तथा वस्तु उत्पादन गुणस्तररहित, ढिलासुस्ती र लापर्बाही हुनुका साथै व्यवस्थापन र कर्मचारीबिचको असमझदारी एवं अविश्वासले सङ्गठनको अस्तित्वमा खतरा पर्न सक्छ । सङ्गठनमा एकपछि अर्को समस्या आइपर्छन् । व्यवस्थापन तथा प्रशासनिक कार्यशैलीमा समेत समस्या देखा परी अनावश्यक विवादको सामना गर्नुपर्ने हुन्छ । यस्तो परिस्थिति सिर्जना भएपछि व्यवस्थापनले विकास निर्माणको कामलाई थाती राखेर अधिकांश समय द्वन्द्व व्यवस्थापनमा खर्चिनुपर्ने हुन्छ ।

कतिपय द्वन्द्व परिस्थितिवश आफैँ सिर्जना भएर त्यसलाई वास्ता गरिएन भने आफैँ हराएर जान्छ भने धेरै जसो द्वन्द्व आपसी संवाद र कानुनी उपचारबाट व्यवस्थापन गर्नुपर्ने हुन्छ । सानातिना तथा कमसल द्वन्द्व भनेर समयमै कुशलतापूर्वक व्यवस्थापन गर्न सकिएन भने चरम अवस्थामा पुगी यसको व्यवस्थापनमा धेरै मूल्य खर्चिनुपर्ने पनि हुन सक्छ । सङ्गठनमा विभिन्न समुदाय, संस्कृति तथा स्वभावका कर्मचारी हुन्छन् । सङ्गठनमा काम गर्ने विविध व्यक्तिको फरक फरक विशेषता हुने भएकाले पनि सङ्गठनमा सानातिना द्वन्द्व देखा परिरहन्छन् । यस्ता द्वन्द्वलाई व्यवस्थापकले कुशलतापूर्वक मनोवैज्ञानिक तरिकाले समाधान गर्दै लैजानु पर्छ ।

सङ्गठनभित्र देखा पर्ने द्वन्द्वलाई सधैँ नकारात्मक दृष्टिकोणबाट विश्लेषण नगरी यसलाई सिर्जनात्मक दृष्टिकोणबाट पनि हेर्नु पर्छ । कर्मचारी तथा समूहबिच भएको द्वन्द्वबाट व्यवस्थापन क्रियाशील हुने अवसर आउँछ । कहिलेकाहीँ झगडा, मनमुटाव, असमझदारी तथा विवादले नवीन सोच र अवसरको आगमन हुन जान्छ । चेतनाशक्तिको विकास भई कतिपय अवरोध तथा सङ्कट हटेर जान्छ । व्यक्ति व्यक्ति तथा समूह समूहबिच पुनर्मिलन भई अझ प्रगाढ सम्बन्धको विकास हुन पुग्छ तर सङ्गठनभित्र अस्वस्थ प्रतिस्पर्धा गर्दै चलखेल गरेर बस्ने जागिरे प्रवृत्तिका चलाख तथा धूर्त व्यवस्थापकले सङ्गठनभित्रको द्वन्द्वबाट फाइदा लिँदै व्यवस्थापनमा आफ्नो प्रभुत्व जमाउने प्रयत्न गर्छन् । यस्ता व्यवस्थापकले कर्मचारीमाझ भ्रमको खेती गर्दै भ्रष्टाचार, आर्थिक चलखेल र आफ्नो फाइदाको अवसर खोजिरहेका हुन्छन् । सङ्गठनभित्र कर्मचारीको ध्यान मोड्न द्वन्द्व सिर्जना गरी खैलाबैला मचाउँदै सङ्गठनको ढुकुटीमा लामो हात गर्न पनि सक्छन् ।

द्वन्द्वलाई उचित व्यवस्थापन गर्न सकिएमा सङ्गठनको विकासमा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । सानातिना विषयबाट सिर्जना भएका मनमुटाव, विवाद तथा असमझदारीलाई दुवै पक्षबिच समन्वय, छलफल तथा संवादबाट व्यवस्थापन गर्नु पर्छ भने ठुला खालका द्वन्द्वलाई नीतिनियम तथा कानुनी उपचारबाट व्यवस्थापन गर्नु पर्छ । द्वन्द्व समयभित्र व्यवस्थापन गर्न सकिएन भने यसले विकराल रूप लिएर सङ्गठनको अस्तित्व नै सङ्कटमा पर्न सक्छ । सङ्गठनभित्र उब्जिएको द्वन्द्वलाई उचित स्थान दिई पक्षहरूबिच रहेको मतभिन्नतालाई समाधान गर्न विभिन्न रणनीति अपनाउनु पर्छ । सङ्गठनमा व्यवस्थापन त जहिल्यै पनि रहन्छ तर कुशल व्यवस्थापन त्यतिबेला हुन्छ, जतिबेला विभिन्न तहमा रहेका द्वन्द्व तथा विवादलाई समयभित्र संवाद तथा सहमतिको बाटो खोजी समाधान गरिने छ । द्वन्द्वको स्वभाव, द्वन्द्व गर्नेको मनोबल, संलग्न पक्षहरूको विविध कुरालाई मनन गरी ऐन, नियम तथा कार्यविधिको आधारमा समाधान खोज्नु पर्छ । द्वन्द्वलाई सङ्गठनको एउटा सिर्जनशील तथा अपरिहार्य तत्वका रूपमा लिएर सबै पक्षको हकहितलाई ध्यान दिई सहकार्य गर्दै जित जित तथा न हार न जितको अवस्थातिर जानु पर्छ ।

सार्वजनिक सेवा प्रवाह गर्ने निकायमा सर्वसाधारणको काम नियमसङ्गत हुन्छ भन्ने कुरो पत्याउन मुस्किल भएको अवस्था जगजाहेर नै छ । त्यसमाथि कर्मचारीले गर्ने व्यवहारले सङ्गठनभित्र द्वन्द्व देखा पर्नु कुनै नौलो कुरा रहेन । व्यवस्थापक पनि आफूलाई फाइदा हुने काम छ भने गर्ने र फाइदा नहुने हो भने कसैको काम पनि नगर्ने प्रवृत्ति बढ्दो छ । यस प्रकारका विकृतिको निगरानी न त अख्तियार दुरुपयोग अनुसन्धानले हेर्न सक्छ न त नेपाल सरकारका प्रशासनिक निकायले हेर्न सक्छन् । व्यवस्थापकको अदूरदर्शी, अपारदर्शी, पक्षपाती र मनपर्दी कार्यशैलीले गर्दा सङ्गठनभित्र द्वन्द्व सिर्जना हुने गरेकोले यसको व्यवस्थापनका लागि विविध संयन्त्र अपनाउनु पर्छ ।

# कोशीमा विपद्‌बाट २४ जनाको मृत्यु, २२५ परिवार विस्थापित

विराटनगर(प्रस) । कोशी प्रदेशमा मनसुनजन्य विपद्‌बाट जनधनको क्षति हुने क्रम बढेको छ। विपद्‌को कहरले जनजीवन नराम्रोसँग प्रभावित भइरहेको हो।

अविरल वर्षासँगै पहाडमा बाढीपहिरो तथा तराईमा बाढी, डुबान र कटानको समस्या निम्तिएको छ। बाढी, पहिरो, डुबान तथा चट्याङबाट मानवीय र भौतिक क्षति भइरहेको छ। मनसुन भित्रिएयता बाढी, पहिरो, डुबान र चट्याङमा परेर २४ जनाको मृत्यु भइसकेको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ। १७ जनाभन्दा बढी घाइते र २ जना बेपत्ता भएको तथ्यांक प्रहरीले उपलब्ध गराएको छ। १ सयभन्दा बढी पशु चौपाया मरेको र आर्थिक हिसाबले करिब १० करोड बराबरको क्षति भएको जनाइएको छ।

प्रदेशका प्रहरीका प्रवक्ता एवं एसपी सुमनकुमार तिमल्सिनाका अनुसार मोरङमा ६, ताप्लेजुङमा ५, झापा र संखुवासभामा ४/४, इलाम र सुनसरीमा २/२, तथा ओखलढुंगामा १ जनाको मृत्यु भएको हो। बाढी, पहिरो तथा डुबानका कारण २ सय २५ परिवारका ७ सय ३८ जना विस्थापित भएको उनले बताए। एसपी तिमल्सिनाका अनुसार अनुसार ताप्लेजुङमा ७५, मोरङमा ६८, संखुवासभामा ५५ र झापामा २७ परिवार विस्थापित भएका छन्।

विस्थापित भएकालाई उद्धार गरेर सुरक्षित स्थानमा लगी विद्यालय, सामुदायिक भवनलगायतमा अस्थायी बासस्थानको व्यवस्था गरिएको उनको भनाइ छ। प्रहरीका अनुसार बाढी र पहिरोका कारण ३३ वटा घरमा पूर्ण र ४२ वटा घरमा आंशिक क्षति पुगेको छ। प्राकृतिक प्रकोपमा परेर पछिल्लो २ दिनमा मात्रै ९ जनाको मृत्यु भएको छ। बाढी र पहिरोमा परेर ६ तथा चट्याङले लागेर ३ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। बाढीले बगाएर २ जना बेपत्ता छन्।

मोरङको रंगेली नगरपालिका-४ मा घाँगी खोलाले बगाउँदा ४५ वर्षीय नागेन मण्डलको बुधबार मृत्यु भएको छ। मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार ४ जनाले एकैपटक तर्न खोज्दा बिहान १०:४५ बजेतिर नागेनलाई खोलाले बगाएको थियो। स्थानीयको सहयोग लिएर नेपाल र सशस्त्र प्रहरीले खोजी गर्दा घटनास्थलबाट १ सय ५० मिटरजति तल शव भेटिएको डीएसपी बस्नेतले बताए। नागेनसँगै रहेका अरु ३ जना सकुशल छन्।

मोरङको रतुवामाई नगरपालिका-५ का नुर मोहमदका २ वर्षीय छोरा मोहमद मुसाहाको घरनजिक जमेको पानीमा डुबेर बुधबार मृत्यु भएको छ। मोरङ र सुनसरीको सिमाना भएर बग्ने बूढीखोलाले बगाएर मोरङको सुन्दरहरैँचा नगरपालिका-५ खोक्साका २ जना बेपत्ता छन्। बाढीले २४ वर्षीया फूला चौधरी र ६० वर्षीया असरादेवी चौधरीलाई बेपत्ता बनाएको हो।

माहिली फुदनी भनिने २२ वर्षीया प्रेमकला चौधरी इटहरी उपमहानगरपालिका-४ स्थित गैरीगाउँमा मृत फेला परेकी थिइन्। २२ वर्षीया स्वस्तिका चौधरीलाई उद्धार गरिएको थियो। प्रहरीका अनुसार फूला, प्रेमकला र स्वस्तिका एकै परिवारका बुहारी तथा असरादेवी उनीहरूकी कार्की सासू हुन्।

माछा मार्न गएका बेला ४ जनालाई नै मंगलबार बिहान बूढीखोलाले बगाएको जानकारी प्रहरीले दिएको छ। प्रेमकला मृत फेला परेपनि फूला र असरादेवी बेपत्ता छन्। उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ।

मोरङकै केराबारी गाउँपालिका-४ को गोगुने खोलाले बगाउँदा ११ वर्षीय श्याम राईको मंगलबार मृत्यु भएको थियो। विद्यालय जाने क्रममा खोलाले बगाएर उनको मृत्यु भएको हो। श्यामलाई उद्धार गर्न खोज्दा १४ वर्षीय भरत राई घाइते भएका थिए।

ओखलढुंगामा पहिरोले घर पुरिँदा बुधबार बिहान १ जना महिलाको मृत्यु भएको छ। अविरल वर्षासँगैको पहिरोले चिसंखुगढी गाउँपालिका-५ थुम्कीमा घर भत्काउँदा ३५ वर्षीया देवकुमारी खत्रीको मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार देवकुमारीका पति ३९ वर्षीय बाबुराम खत्री र छोरी १८ वर्षीया मेनुका खत्री घाइते भएका छन्। उनीहरूलाई थप उपचारका लागि काठमाडौं लगिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

झापाको मेचीनगर नगरपालिका-१४ नमुना टोलका बामरा सतारका २० महिने छोरा रिहान सतारको मंगलबार साँझ खोलाले बगाएर मृत्यु भएको छ। खेल्ने क्रममा फूलबासा खोलामा खसेका उनको खोलाले बगाएर मृत्यु भएको प्रहरीले जनाएको छ। चट्याङले लागेर मंगलबार झापामा २ जनाको मृत्यु भएको थियो। कमल गाउँपालिका-६ का ४६ वर्षीय राजन खड्का र गौरादह नगरपालिका-८ का ४२ वर्षीय विकाश गिरीको मृत्यु भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ। सुनसरीको रामधुनी नगरपालिका-४ का ३० वर्षीय उमेशकुमार चौधरीको पनि चट्याङले लागेर मृत्यु भएको थियो। खेतमा काम गर्दैगर्दा चट्याङले लागेर घाइते भएका उनको उपचारका क्रममा विराट शिक्षण अस्पतालमा मृत्यु भएको हो।

निरन्तरको वर्षासँगै प्रदेश राजधानी विराटनगर डुबानमा परेको छ। बुधबार दिउँसोबाट पानी रोकिएपछि डुबान कम हुँदै गएको थियो। विराटनगरको पूर्वतर्फ सिंघिया र पश्चिमतर्फ केसलिया खोला छन्। दुवै खोलामा आएको बाढी 'ओभरफ्लो' भएर बस्तीमा छिरेको जानकारी मोरङ प्रहरी प्रमुख एसपी नवराज कार्कीले दिए।

बाढी बस्तीमा छिरेपछि खोला आसपासका करिब ५ सय घर डुबानमा परेको अनुमान छ। विराटनगरका धेरै घरहरुमा पानी छिरेको थियो। बस्ता खोलाको बाढी पस्दा विराटनगर विमानस्थलमा उडान अवरुद्ध भएको थियो। ट्याक्सी वे र पार्किकङमा खोलाबाट 'ओभरफ्लो' भएर बाढी पसेको विमानस्थलका सूचना अधिकारी युवराज भण्डारीले बताए। उनका अनुसार घाम लागेर दिउँसो २ बजेपछि पानी सुकेसँगै उडान सुचारु भएको थियो।

विराटनगर महानगरपालिका-८ सुकुम्बासी बस्तीमा सिंघिया खोलाको बाढी पस्दा १० परिवार विस्थापित भएका छन्। विराटनगर-१९ सरदार टोलका १० र मोरङको बूढीगंगा गाउँपालिका-१ मा १६ परिवार विस्थापित भएको एसपी कार्कीले बताए। विस्थापित परिवारलाई खुला ठाउँमा त्रिपाल टाँगेर, विद्यालय, सामुदायिक भवन र छिमेकीको घरमा राखिएको छ। विराटनगर-१२ बखरीमा केसलिया खोलाको बाढी पसेको थियो। वर्षासँगै सडक जलमग्न हुँदा कोशी लोकमार्गमा सवारीसाधन आवागमनमा समस्या भएको थियो। बूढीगंगा-२ मा रहेको विराट शिक्षण अस्पतालको आकस्मिक कक्ष र विराटनगर-४ स्थित नोबेल शिक्षण अस्पतालको भुइँ तला डुबानमा परेको प्रहरीले जनाएको छ। तर, दुवै अस्पतालमा सेवा भने सुचारु रहेको थियो। विराटनगर-७ स्थित मालपोत कार्यालयभित्र पानी पस्दा केही कागजपत्र र कम्प्युटर डुबेर क्षति पुगेको प्रहरीले जनाएको छ। विराटनगर-३ स्थित प्रहरी चौकी बरगाछीको भाडाको घरभित्र र विराटनगर-८ हाटखोलास्थित वडा प्रहरी कार्यालयको ब्यारेक तथा मेसमा समेत १ फिट जति पानी जमेको थियो।

निरन्तरको वर्षासँगै विराटनगरमा डुबान हुँदा अधिकांश स्थान जलमग्न बनेका थिए। विराटनगरमा पानी निकासको उचित प्रबन्ध छैन। जसका कारण सामान्य वर्षामै डुबानमा हुन्छ। विराटनगरका विराटनगर महानगरपालिकाले पानीको निकासलाई व्यवस्थित गर्न सकिरहेको छैन। महानगरपालिकाकै लापरबाही र बेवास्ताका कारण बर्सेनि सयौं सर्वसाधारण बाढी एवं डुबानको चपेटामा पर्ने गरेका छन्।

एसपी कार्कीले ठाउँठाउँमा प्रहरी परिचालन गरेर बाढी र डुबानबाट पीडित भएकाको उद्धार गरिएको बताए। जोखिमयुक्त स्थानका र समस्यामा परेका सर्वसाधारणलाई उद्धार गरेर सुरक्षित स्थानतर्फ लगिएको उनले बताए। 'सम्भावित जोखिमलाई ध्यानमा राखेर ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ,' एसपी कार्कीले भने, 'जोखिमयुक्त ठाउँहरूको निरीक्षण गर्ने र सर्वसाधारणलाई सचेत गराउने काम जारी छ।' विपद्‌को सम्भावित जोखिमलाई ध्यानमा राखेर सतर्कता अपनाउन सबैमा आग्रह गरिएको उनको भनाइ छ।

विराटनगर महानगरका प्रवक्ता एवं विराटनगर-५ का वडाध्यक्ष सन्तोष न्यौपानेले पीडितलाई उद्धार गरेर राख्नका लागि विद्यालय र सामुदायिक भवनलाई 'सेल्टर'का रूपमा तयारी अवस्थामा राखिएको बताए। विराटनगरमा ६० वटा 'सेल्टर' तयारी अवस्थामा राखिएको उनको भनाइ छ। अविरल वर्षाले जनजीवन प्रभावित भएसँगै विराटनगर महानगर क्षेत्रका विद्यालयमा बुधबार बिदा दिइएको छ। सरकारी तथा निजी विद्यालयमा एक दिन पठनपाठन बन्द गरिएको हो। प्याब्सन विराटनगरका अध्यक्ष मोहन बुढाथोकीले वर्षा रोकिएर डुबानेको समस्या सामान्य बन्दै गएमा बिहीबारदेखि पठनपाठन नियमित हुने जानकारी दिए।

कोशी प्रदेशका प्रहरी प्रमुख डीआईजी चन्द्रकुवेर खापुङले मनसुनजन्य प्रकोप सुरु भएसँगै खोज तथा उद्धारलाई प्रभावकारी बनाइएको जानकारी दिए। 'पीडितको उद्धारका लागि कुनै कसर बाँकी राखिने छैन। सम्भावित जोखिमको आँकलन गर्दै सर्वसाधारणलाई सुरक्षित स्थानतर्फ सार्ने काम पनि भइरहेको छ,' उनले भने, 'प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्ने उद्देश्यले ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ। उद्धारलाई प्राथमिकतामा राखिएको छ।' डीआईजी खापुङले क्षति न्यूनीकरणका लागि सबै निकायबीच एकआपसमा समन्वय गर्ने काम भइरहेको बताए।

कोशी प्रदेशमा विगतभन्दा यसवर्षको मनसुनमा औषतभन्दा धेरै पानी परेर मनसुनजन्य जोखिमको सम्भावना अधिक रहेको पूर्वानुमान छ। मुलुकका ७ वटा प्रदेशमध्ये मनसुनमा कोशी सबैभन्दा बढी प्रभावित हुने अनुमान राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गरेको हो। यो प्रदेशमा करिब १ लाख १३ हजार परिवारका करिब ५ लाख मानिस विपद्‌बाट कुनै न कुनै हिसाबले प्रभावित हुने आकलन गरिएको छ।

कोशीमा बाढीपहिरो तथा डुबानका घटनाबाट २२ हजार घर प्रत्यक्ष प्रभावित हुने तथा ५ हजार परिवारलाई राहत र उद्धारको व्यवस्था गर्नुपर्ने अवस्था आउनसक्ने देखिन्छ। मनसुनजन्य प्रकोपको विश्लेषण गर्दै क्षति न्यूनीकरण गर्न प्रदेश सरकारले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना पास गरेर कार्यान्वयनमा लगिसकेको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका निमित्त सचिव कमलबहादुर थापाले बताए।

उनका अनुसार सम्भावित जोखिमलाई मध्यनजर गर्दै प्रदेश सरकारले विपद् व्यवस्थापन कार्यलाई अघि बढाएको छ। 'प्राकृतिक प्रकोप देखा परेको ठाउँमा उद्धारका लागि नेपाली सेना, नेपाल तथा सशस्त्र प्रहरीसहितको टोली परिचालन गरिएको छ,' थापा भन्छन्, 'अन्य सरकारी संयन्त्र पनि परिचालन गरेर खोज तथा उद्धारलाई प्रभावकारी बनाइएको छ।' उद्धारका लागि स्रोत, साधन तथा जनशक्तिको व्यवस्थापन मुख्य चुनौती छ।

मनसुनजन्य प्रकोपलाई दृष्टिगत गरी खोज, उद्धार तथा राहत र शीघ्र पुनर्लाभका लागि अत्यावश्यकीय मानवीय सहयोग एवं पुनःनिर्माण र पुनःस्थापनामा आधारित रहेर सरकारले काम गरिरहेको थापाले बताए। उनका अनुसार मुख्यमन्त्री हिक्मतकुमार कार्कीको अध्यक्षतामा यसअघि बसेको प्रदेश विपद् परिषद्‌को बैठकले विपद्‌का समयमा खोज, उद्धार, राहत सामग्री खरिद र भण्डार गर्नसक्ने अधिकार आन्तरिक मामिला मन्त्रालयलाई दिएको छ।

त्यसका लागि विपद् व्यवस्थापन कोषबाट ६ करोड रूपैयाँ खर्च गर्ने तयारी रहेको उनले बताए। जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको सिफारिसका आधारमा पीडितलाई राहत उपलब्ध गराउने प्रदेश सरकारको तयारी छ।

'विस्थापित भएकालाई तत्काल त्रिपाल, खाद्यान्न, कम्बल र भाँडाकुँडालगायतका राहत सामग्री दिन्छौं,' निमित्त सचिव थापाले भने, 'विपद्मा उद्धारका लागि मन्त्रालयको विपद् व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा सबै सुरक्षा निकाय सम्मिलित सूचना समन्वय इकाई खडा गरेर काम सुरु गरिएको छ।' इकाईले विपद्‌का बेला खोज तथा उद्धारका लागि तत्काल टोली परिचालन गर्ने उनको भनाइ छ।

थापाका अनुसार प्राकृतिक प्रकोपमा परेर भएको क्षतिको विवरण अनुसार राहत रकम उपलब्ध गराइने छ। 'एकाघरको दुई जनासम्मको मृत्यु भएमा प्रतिव्यक्ति १/१ लाखका दरले र दुई जनाभन्दा बढीको मृत्यु भएमा प्रतिव्यक्ति ५० हजार रूपैयाँका लागि दरले राहत रकम दिइने छ,' उनले भने, 'यसअघि ताप्लेजुङका पीडित परिवारलाई ३ लाख दिइसकिएको छ।' घर पूर्ण क्षति भएमा ५० हजार, आंशिक क्षति भएमा ३० र सामान्य क्षति भएमा १५ हजार रूपैयाँका दरले राहत रकम दिइने उनले बताए।

# लिट्मस र अवसर इक्विटी फण्डबीच साझेदारी




झापा(प्रस) । नेपालमा विद्युतीय तार, केबल तथा कन्डक्टरको अग्रणी उत्पादक लिट्मस इन्डस्ट्रिज लिमिटेड र नेपालको पहिलो घरेलु निजी इक्विटी फन्ड अवसर इक्विटी डाइभर्सिफाइड फण्डबीच लगानीमा सहकार्य गर्ने रणनैतिक साझेदारी भएको छ । परासी जिल्लामा अत्याधुनिक उद्योग स्थापना गरेर आफ्नो क्षमता विस्तार गर्ने योजना रहेको लिट्मस इन्डस्ट्रिजका लागि यो लगानी एउटा महत्वपूर्ण कोसेढुङ्गा साबित हुने कम्पनीले जनाएको छ । अवसर इक्विटीसँगको सहकार्यले लिट्मस इन्डस्ट्रिजको उत्पादन क्षमतामा वृद्धि गर्नुका साथै कम्पनीको सञ्चालनलाई सुव्यवस्थित बनाउँदै बजार उपस्थितिलाई थप मजबुत बनाउने बिश्वास लिइएको छ । यसका साथै उक्त लगानीले कम्पनीलाई, नवप्रवर्तन र उत्कृष्टताप्रतिको प्रतिबद्धता कायम राख्दै ग्राहकको बढ्दो माग पूरा गर्न अझ सक्षम र सुदृढ बनाउने कम्पनीले जनाएको छ ।

लिट्मस इन्डस्ट्रिज लिमिटेडका प्रबन्ध निर्देशक रोहित गुप्ताले साझेदारीको बारेमा आफ्नो उत्साह प्रकट गर्दै भने, "हाम्रो दूरदृष्टि र क्षमतामाथि अवसर इक्विटीको विश्वास हाम्रो समूह र कम्पनीको कडा परिश्रम र समर्पणको नतिजा हो । यो साझेदारीले हामीलाई हाम्रो सञ्चालन विस्तार गर्न, द्रुत गतिमा अत्याधुनिकीकरण गर्न र अन्ततः हाम्रा ग्राहकहरूलाई अझ गुणस्तरीय वस्तु र सेवा प्रदान गर्न साथै हाम्रा सरोकारवालाहरूमा कम्पनीको कुशलता र उत्कृष्टताको छापलाई अझ परिष्कृत बनाउन सक्षम बनाउनेछ ।"

"हामीले लिट्मस इन्डस्ट्रिजमा गरेको यो लगानी, आफु संलग्न उद्योगको नेतृत्व गर्नसक्ने र यथास्थितिलाई बदल्दै नवप्रवर्तनमार्फत बजारको मागलाई सम्बोधन गर्नसक्ने, उच्च सम्भावना बोकेका अग्रणी कम्पनीहरूलाई सहयोग गर्ने हाम्रो प्रतिबद्धताको एउटा ज्वलन्तउदाहरण हो ।

❖ बाँकी अन्तिम पृष्ठमा

# नेपाली सेनाका सहायक रथी थापालाई मातृशोक



झापा(प्रस) । नेपाली सेनाका सहायक रथी धनबहादुर थापालाई मातृशोक परेको छ ।बिर्तामोड-१० तेलगानी निवासी थापाकी आमा अम्बिकादेवी थापाको ९४ बर्षको उमेरमा मंगलवार राति ९ .५५ बजे निधन भएको हो । केही समयदेखि अस्वस्थ्य रहेकी अम्बिकादेवीको इटहरीस्थित सैनिक अस्पतालमा उपचार भइरहेको थियो । उपचारकै क्रममा उनको निधन भएको हो । बुधवार विहान कन्काई माईमा अन्त्येष्टि गरिएको परिवारले जनाएका छन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष: आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग
वृष: आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।
मिथुन: अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ
कर्कट: मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।
सिंह: । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।
कन्या: आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।
तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख
वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।
कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
मिन: आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने